म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१४ अङ्कः- २४४ २०८० साउन १४ गते आइतबार 30 July 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

## २५ मिटर सडक विस्तार प्रकरण पीडितको प्रश्न

# 'सरकारले कानुन मान्नुपर्दैन ?'



*सडक विस्तार हुँदा पीडित हुने व्यवसायी, घरधनीहरु विरोध जनाउँदै ।*

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा बजारक्षेत्रको सडक दायाँ-बायाँ २५-२५ मिटर विस्तार गर्न डिभिजन सडक कार्यालयले ३५ दिने सूचना प्रकाशन गरेको ३३ औं दिन शनिबार हेटौंडा बजारमा सडक विस्तार प्रकरणमा पीडित हुने घरधनी र व्यवसायीले विरोध सभा गरेका छन् । विरोध सभालाई सम्बोधन गर्दै पीडितले सरकारलाई कानुनबमोजिम जनताको सम्पत्ति अधिग्रहण गर्न सचेत गराएको छ ।

सरकारले सडक विस्तारका क्रममा जनताको नाममा रहेको सम्पत्ति जबर्जस्ती हडप्न खोजेको आरोप लगाउँदै अदालतको आदेशको समेत बेवास्ता गर्ने प्रयास भइरहेको ठहर गर्दै "सरकारले कानुन मान्नु पर्दैन ?" भन्दै प्रश्न समेत गरेका छन् । हेटौँडा-९ का रामहरि न्यौपानेले ऐलानी जग्गा नभई लालपुर्जा भएको जमिनको मुआब्जा दिएर मात्रै सडक विस्तार गर्नुपर्ने बताउनुभयो । न्यायालयको आदेश नमान्ने हो भने जनताले पनि कानुन नमान्ने बताउनुहुँदै न्यौपानेले भन्नुभयो, "सरकारले जबर्जस्ती गरे, कानुन नमाने जनता पनि कानुनको उल्लंघन गर्न बाध्य हुनेछ । घरेलु हतियार उठाउन बाध्य हुनेछौं ।" सडक विस्तारको मुद्दामा दलहरु चुपचाप बसेको गुनासो गर्नुहुँदै न्यौपानेले भन्नुभयो, "जनताको घर भत्काउन आउँदा राजनीतिक दलले के गर्छन् हामी हेर्छौं । दलको व्यवहार हेरेर हामी २०८४ सालको निर्वाचनमा दलहरुलाई आफ्नो शक्ति देखाउँछौं ।"

भेलालाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेश सभा सदस्य तथा नेकपा एमाले मकवानपुर जिल्ला अध्यक्ष एका लाल श्रेष्ठले हेटौँडाको सडक विस्तार गर्ने पक्ष र विपक्षमा जान नहुने बताउँदै सडक बिस्तार गर्दा राज्यले उचित क्षतिपूर्ति दिनुपर्ने र व्यवसाय स्थानान्तरण गर्दा उचित समय दिनुपर्ने बताउनभयो । व्यक्तिको सम्पत्ति राज्यले हडप्दा उचित क्षतिपूर्ति दिनुपर्ने माग राख्नुहुँदै सडक विस्तार गर्ने विषयमा नेकपा एमालेको प्रष्ट धारणा भएको र उचित मुआब्जा दिएर सडक बिस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

भेलालाई सम्बोधन गर्नुहुँदै मकवानपुर उद्योग बाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले राज्यले जनतालाई शोषण गरेकोले आफुहरु आन्दोलनमा उत्रनु परेको बताउनुभयो । सर्बोच्च अदालतले घरजग्गा तिमीहरुकै हो भनेर फैसला गर्दा पनि राज्यले छल गर्न खोजेको गुप्ताले आरोप लगाउनुभयो । सबैलाई राजनीतिक दल तथा स्थानीय निकायलाई छलफल गर्न बोलाउँदा कसैले कुरा नसुनी राज्यसँग मिलेर दुःख दिन खोजेको उहाँको भनाई थियो ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौँडाको बुद्धचोकमा भएको भेलामा व्यवसायी र घरधनीको उल्लेख्य उपस्थिति रहेको थियो । हेटौंडा बसोबास संरक्षण मूल समिति संयोजक तथा मकवानपुर उद्योग बाणिज्य संघ अध्यक्ष कृष्ण कुमार गुप्ताको अध्यक्षतामा भेला भएको हो । भेलामा बागमती प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुर जिल्ला सभापति भरत पराजुलीको पनि उपस्थिति रहेको थियो । भेलामा सहभागी घरधनी तथा व्यवसायीहरुले कालो झन्डा समेत प्रदार्शन गरेका थिए ।











नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको



## सम्पादकीय

# बाघबाट जोगिन चुनौतीपूर्ण

केही वर्ष अघिसम्म नेपालमा बाघलाई जोगाउन निकै चुनौतीपूर्ण रहेकोमा पछिल्ला दिनहरुमा बाघबाट जोगिन चुनौतीपूर्ण बन्दै गएको छ । नेपालले बाघको संरक्षणमा उल्लेख्य सफलता प्राप्त गरेसँगै बाघबाट जोगिन चुनौतीपूर्ण बन्दै गएको हो । पछिल्ला वर्षहरुमा नेपालमा बाघको संख्या उल्लेख्य बढ्दै गएको छ । बाघको संख्या बढ्दै जाँदा आहाराको खोजी तथा अन्य कारण प्राकृतिक बासस्थानबाट बाघ बाहिर आउँदा मानिस तथा अन्य जनावर जोखिममा परेका हुन् । राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रका जंगलमा सिमित रहेका बाघ मध्यवर्ती क्षेत्र, सामुदायिक वन तथा मानव बस्तीसम्म आउने क्रम बढेकाले मानिसमा त्रास बढेको छ । बाघले मानिस तथा घरपालुवा जनावरलाई आक्रमण गर्ने भएकाले यसबाट जोगिन समस्या हुन थालेको छ । विगतमा बाघको संख्या बढाउन गरिएका प्रयासलाई अब बाघलाई उसको प्राकृतिक बासस्थानमै अड्याउन प्रयास गर्नुपर्ने आवश्यकता बनेको छ ।

विश्वभर बाघको संख्या निकै कम भएपछि हरेक वर्ष जुलाई २९ का दिन अन्तर्राष्ट्रिय बाघ दिवस मनाउने गरिएको छ । सन् २०१० मा रुसको सेन्टपिटर्सबर्गमा आयोजित अन्तर्राष्ट्रिय बाघ मञ्चले बाघ संरक्षणको महत्वबारे जनचेतना फैलाउने उद्देश्यले बाघ दिवस मनाउने घोषणा गरेको थियो । त्यसयता हरेक वर्ष अन्तर्राष्ट्रिय बाघ दिवस मनाउने गरिएको छ । नेपालसहित विश्वका १३ देशमा मात्र बाघ पाइन्छ । नेपाल, भारत, बंगलादेश, भुटान, चीन, भियतनाम, कम्बोडिया, थाइल्याण्ड, इन्डोनेसिया, लाओस, मलेसिया, रसिया र म्यानमारमा बाघ पाइन्छ । हाल विश्वभर बाघको संख्या करिब ४५ सय वटा रहेको अनुमान छ । सन् २०२२ मा भएको बाघ गणनाअनुसार नेपालमा ३ सय ५५ वटा बाघ रहेका छन् । नेपालले सन् २००९ को गणनामा नेपालमा एक सय २१ वटामात्र बाघ रहेको हुँदा विश्व बाघ सम्मेलनमा सन् २०२२ सम्म २ सय ५० वटा बाघको संख्या पुऱ्याउने नेपालको लक्ष्य थियो । निर्धारित समयमा लक्ष्यभन्दा धेरै बढी बाघको संख्या पुऱ्याएर बाघ संरक्षणमा नेपालले ठूलो सफलता हासिल गरेको छ ।

बाघलाई विश्वकै एक महत्वपूर्ण प्राणी मानिन्छ । बाघको महत्वलाई जैविक, प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सबै दृष्टिकोणबाट उजागर गर्न सकिन्छ । जैविक प्रणालीको सन्तुलनमा बाघको भूमिका महत्वपूर्ण छ । खाद्य शृंखलामा बाघ मुख्य शिकारी जनावर भएका कारण शाकाहारी जनावरलाई नियन्त्रणमा राखी जैविक विविधता सन्तुलनमा यसको उल्लेखनीय योगदान रहन्छ । करिब एक सयवर्ष अघि विश्वमा एक लाखभन्दा बढी बाघ रहेको विश्वास गरिन्छ । एक सय वर्षपछि विश्वभर बाघको संख्या दुई हजारको हाराहारीमा आएपछि विश्वव्यापीरुपमा बाघ संरक्षणको चिन्ता र चासो बढेको हो । विश्वमै लोपोन्मुख र दुर्लभ भएपछि यसको संरक्षणको प्रयास व्यापक बनाइएकै कारण नेपालमा बाघको संख्या बढेको हो ।

जथाभावी जंगल फँडानी, आहाराको कमी, जलवायु परिवर्तन, गैरकानुनी शिकारलगायत कारण बाघको संख्या घटेको थियो । बाघ संरक्षणको प्रभावकारी उपाय अवलम्बन भएपछि अहिले बाघको संख्या बढ्दै गएको छ । नेपालको चितवन, पर्सा, बर्दिया, बाँके र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाघको मुख्य बासस्थान हो । यी ५ वटा निकुञ्जमध्ये चितवन र बर्दियामा मात्र दुई तिहाइभन्दा बढी बाघको बसोबास छ । बाघ संरक्षणमा पाइएको सफलताले जैविक प्रणालीमा सहयोग पुग्ने भए पनि यसको उचित व्यवस्थापन हुन नसक्दा मानिस तथा घरपालुवा जनावरको लागि चुनौती बन्ने निश्चित छ । बाघको संख्या बढ्दै जाँदा मानिस र बाघबीच द्वन्द्वको अवस्था सिर्जना हुनसक्छ । यसले दुबैलाई हित गर्दैन । बाघ दिवस मनाइरहँदा बाघको संरक्षणसँगै यसको उचित व्यवस्थापनमा ध्यान दिन सकेमा बाघ र मानिस दुबै ढुक्कसँग जीवनयापन गर्नसक्ने थिए ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : जोखिम र संकटबाट बच्दा राम्रो रहन्छ ।
**वृष** : आत्मीय मित्रसँग रमाइने समय योग छ ।
**मिथुन** : प्रतिद्वन्द्वीमा विजय हासिल गरिनेछ ।
**कर्कट** : अध्ययन-अध्यापनका काममा सरिक भइएला ।
**सिंह** : शारीरिक स्वस्थता बढे पनि चिन्ता बढ्ला ।
**कन्या** : आफन्तका काममा सरिक भइने समय छ ।
**तुला** : आत्मसन्तुष्टी र खुशी प्राप्तिको समय छ ।
**वृश्चिक** : भेटघाट र बैठकमा समय बित्ला ।
**धनु** : परिबन्ध र बाध्यताका काममा रुमलिएला ।
**मकर** : अर्काका लागि धन र समय खर्चनु पर्ला ।
**कुम्भ** : काममा द्विविधा भए पनि विचारणीय छ ।
**मीन** : अरुबाट प्रशंसा बटुल्न सकिने समय छ ।

# जनता कहिलेसम्म दुःखको आहालमा ?



✍ प्रा.डा. हरि हर्मा

देशको राजनीति अहिले लिक छोडेर मन्द गतिमा दौडिरहेको लौहपथगामिनी (रेल) को अवस्थाबाट गुज्रिरहेको छ र देशवासी त्यसै रेलका डब्बाहरूमा कुनै सपनाको अज्ञात गन्तव्यतर्फ उन्मुख छन् । भ्रष्टाचारको एकपछि अर्को गर्दै निरन्तर बढ्दो प्रकरणले हाम्रो आफ्नै र सन्ततिको भविष्यलाई अन्योलग्रस्त बनाएको छ तथा बिग्रँदो अर्थतन्त्र जति नै सुधारोन्मुखतातर्फ जाँदै छ भनिए तापनि हालै प्रकाशित हाम्रो मौद्रिक नीतिबारे अर्थविद् एवं ने.रा.बैंककै पूर्वकार्यकारी निर्देशकको उद्घोषअनुसार मौद्रिक नीति गत वर्षभन्दा पनि कसिलो आएकाले यसले अर्थतन्त्रका विद्यमान समस्या सम्बोधन गर्दैन ।

मौद्रिक नीतिको कार्यदिशा कसिलो र कन्जर्भेटिभ देखिन्छ । उत्पादनशील क्षेत्रमा बढी कर्जा जाने व्यवस्था भएको भए राम्रो हुन्थ्यो । यस पटक मौद्रिक नीतिमा समाविष्ट अनेक विषयहरु बजेटले नै सम्बोधन गरेको भए मुलुकको अर्थप्रवाहमा कुनै संकुचन नआई सकारात्मक रुपले अघि बढ्ने धेरैको ठहर रहेको पाइन्छ । नेपाल उद्योग परिसंघका अध्यक्षको भनाइ पनि नैराश्यताले छाएको छ । उहाँ भन्नुहुन्छ, 'अर्थतन्त्र चलायमान बनाउने केही पनि नीति आएन । निजी क्षेत्रले प्रस्तुत गरेका सुझाव पनि समेटिएनन् । ब्याजदर घटाउने नीति पनि देखिएन । उल्टै कर्जा संकुचनको नीति लिइएको छ ।'

मौद्रिक नीतिलाई सामान्यतया अर्थतन्त्रको एउटा बलियो अस्त्र मानिन्छ । यसको पालना गरेमा देशको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने अपेक्षा गरिएको हुन्छ । एकातर्फ केही सीमित अर्थशास्त्रीहरूले अहिलेको हाम्रो मौद्रिक नीतिलाई मुलुकको अर्थतन्त्र उकास्ने मौद्रिक नीति भनेका छन् भने अर्कातर्फ संरचनागत अनिष्ट नदेखेको मौद्रिक नीति पनि भनेका छन् । आमनागरिक वा उपभोक्ता समूहले सजिलै बुझ्ने अहिलेको मौद्रिक नीतिका केही बुँदाहरू यस प्रकार छन्:

(१) भारतबाहेकको विदेश भ्रमणमा जाँदा नेपाली नागरिकले २५ सय डलरसम्मको सटही सुविधा पाउने, (२) विदेशी मुद्रामा लिएको ऋण नेपाली मुद्रामा तिर्न नपाइने, (३) पहिलो आवासीय घरकर्जाको सीमा २ करोड पुर्याइने, (४) विकास बैंकलाई पनि वाणिज्य बैंकसरह पुँजीकोष कायम गर्न लगाउने, (५) बैंकबाट लिइएको ऋणको सदुपयोग वा दुरुपयोग भएको छ, त्यसको यकिन गर्न अनुगमन र सुपरिवेक्षण गरिने आदि । यसरी २०८०/८१ को हाम्रो मौद्रिक नीति सर्वसाधारण नेपाली जनताका लागि 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' जस्तै रहेको अनुभव गर्न सकिन्छ । बजारभाउ घटाउन सरकारले कुनै प्रत्यक्ष कदम चालेर बजार नियन्त्रण गरिने अथवा स्वास्थ्य सेवामा केही छुटको विवरण नीतिगत रूपमा ल्याइने, कृषकको पीरमर्कालाई कहीं सम्बोधन भएको मात्रै सुन्न पाए जनता हर्षातिरेकले रमाउने थिए र सरकारको प्रशंसामा सन्तोषका साथ झुम्थे होलान् ।

तर, समाचारको प्रमुख समाचार नै ठाउँठाउँमा बाढीपहिरोले पुर्याएका जनधनको क्षति, डेंगुको फैलिँदो त्रास, ठगी र तस्करी एवं भ्रष्टाचारको उन्मूलनका लागि प्रतिबद्ध भई लागिपरेका उपप्रधान तथा गृहमन्त्री एवं अर्थमन्त्रीको राजीनामाको माग, मशाल जुलुस र हिमाली क्षेत्रका याक र चौंरीमा समेत लम्पी स्किनको संक्रमण, स्कुल जाने बालबालिकाको खाजा खर्चमा कटौती र व्यावसायिक आवरणमा तस्करीजस्ता अप्रिय समाचार सुनेर फेरि आएको एउटा नयाँ दिनको सुरुवात गर्न बाध्य हामी जनताले कुन झन्डातिर हेर्ने वा कुन लट्ठी बोक्ने वा कुन घण्टी बजाउने असमञ्जसमा रहेको भान हुन्छ । पंक्तिकारले आफ्नो प्राध्यापनकालमा धेरै वर्षसम्म पढ्दै र पढाउँदै आएको अंग्रेजी उपन्यासकार जर्ज अर्वेल (२५ जुन १९०३-२१ जनवरी १९५०) को सन् १९४५ मै प्रकाशित 'एनिमल फार्म' को राजनीतिक कथानकतालाई अहिले नेपालमा साक्षात् पुनरावृत्ति भएको महसुस गर्नु कुनै नौलो विषय हुन सक्दैन ।

दसवर्षे लामो द्वन्द्वकालपश्चात् मुलुक अब विश्वमा सुनको चराझैं प्रख्यात हुँदै जाने र हामी नेपाली जनताले सुख, समृद्धि एवं सुशासनको एउटा स्वर्णिम युग देख्न पाउने जुन लालसा थियो, त्यो गणतन्त्रका यत्रा वर्षपश्चात् यसरी भ्रममा परिणत हुनेछ भन्ने कसले कल्पना गरेको थियो र ? त्यस बेला सिंहदबारभित्रैबाट मुलुकको एउटा सुखद परिदृश्य देख्ने हाम्रा नक्कली नेताहरुको आवाज आज किन सुक्न गयो ? किन ती सबै मौन छन्, देशले यस्तो दुर्दशा भोगिरहेको परिवेशमा ? आजै मात्र मेरा एक जना मित्रले मलाई जानकारीका लागि पठाइदिनुभएको विश्वव्यापी शासन वि.सं. २०७८ को नेपालको सूचकांक यसप्रकार छः आवाज र उत्तरदायित्व-४३.०९, राजनीतिक स्थिरता र आतंकको कमी-३८.२१, सरकारी प्रभावकारिता-१७.७९, नियमनको गुणस्तर-३०.२९, कानुनी शासन-३४.६२, भ्रष्टाचार नियन्त्रण-३३.१७ । यस प्रकारको कुशासन र भ्रष्टाचार बिजारोपण गर्नेहरू आज कता छन् ? नखोजौं, ती सबै रामको आत्मरतिमा अचेत सम्राट् 'नेरो' बनिसके ।

हाम्रा सञ्चारमाध्यमहरूले भन्ने गरेका ठूला माछा तिनै हुन् । साँठगाँठ र सेटिङमा देश चलाउन खोज्नेहरूको पर्दाफास हुनैपर्छ । ३ करोड पनि जनसंख्या नभएको देशमा कल्पनाले भ्याउन नसक्ने गरी बनाइएका केही प्रशासनिक संयन्त्र तोडिनुपर्छ । संघीय सरकार र स्थानीय सरकार हामीलाई यथेष्ट छ । नेपाली जनतालाई नचाहिने खर्चिलो प्रदेश सरकारको औचित्य के ? जनताका घाँटीमा अभिजात्यहरु पाल्नुपर्ने यो आर्थिक घाँडो किन ? गठबन्धन, मोर्चा र एकीकृत दल बनाउने नारा घन्काएर एवं जनताका अबोध सन्तानलाई सडक तताउन लगाएर स्वयं केमा निमग्न ? प्रान्तीयताले साम्प्रदायिकताको फिलिङ्गो बालिसकेको जनगुनासो बढ्दो छ ।

दुई शक्तिशाली मुलुकहरूका माझ दुई ढुंगाबीचको तरुलजस्तै भौगोलिक आकार-प्रकार लिएर कुनै प्रकारको पनि स्पष्ट राजनीतिक वा आर्थिक कूटनीति गर्न नजान्ने वा नसक्ने मुलुकले के सधैं विदेशीहरूसमक्ष गरिएको 'ज्यू-हजुर' का भरमा देश चलाउने सोच लिएर नेतृत्वमा आउन मिल्छ ? त्यही सोचले देशको भूभाग गुमेको छ, आफ्नै जलस्रोतमाथि छिमेकको वर्चस्व छ । उसको विकासशील अर्थतन्त्र विश्वकै उच्चतम श्रेणीको भइसक्यो, हाम्रो अझै पनि परनिर्भरतामुखी छ । देशले प्राथमिकताका साथ अघि बढाउने क्षेत्रहरूलाई अस्पष्टताका बादलले ढाकेको छ । स्पष्ट कहीं केही छैन ।

यस्तो अवस्थामा नीति निर्माताहरुको मनोबलमा ह्रास आउने डर हुन्छ । राजनीति निरंकुश हुन गई नाना थरीका अदृश्य विकृति भरिएका सोचको संक्रमणहरुको सिकार बन्छ । एक दुर्बल राजनीतिले अर्थतन्त्र धरमराउँछ, समाज सुसंस्कृत हुन सक्दैन, मानव गुणहरुको विलय हुन्छ र पशुवत् व्यवहारले व्याप्त हुने अवसर पाउँछ । देशको गौरवमय इतिहासले कोठामा सजाइएको चित्रझैं मूक रहेर देशभित्रका गतिविधिहरुलाई टुलुटुलु हेर्ने अवस्था आउँछ । मुलुकमा वैदेशिक रोजगारीको उपलब्धताले गर्दा यथेष्ट, युवा-जनशक्तिको विदेश गमनका कारण एकातिर देश निर्माणमा चाहिने हाम्रो आवश्यक मानव संसाधनमा ठूलो अभाव खट्किनु अस्वाभाविक होइन, तर तिनै हाम्रा बिदेसिएका युवायुवतीहरूले विप्रेषण गरेको रेमिटेन्सले देश दक्षिणतिर प्रचलित 'मालगाडी'को गतिमा भए पनि अगाडि सर्दै गइरहेको छ ।

२२ खर्ब २१ अर्ब र थप करोडौंको ऋणभारले दबिएको हाम्रो अर्थतन्त्रलाई उकास्न हाम्रा नेताहरूमा उत्पादनमुखी कार्यक्रम, तिनको कार्यान्वयनका लागि संकल्प र संयम तथा अनिष्ट तवरले फैलिइरहेको भ्रष्टाचार र दण्डहीनताको उन्मूलनका लागि स्वार्थको भुमरीमा परेर खुट्टा कँपाउने प्रवृत्तिमा सुधार आउन जरुरी छ । भ्रष्टाचारको अनुसन्धान गर्ने क्रममा अभियुक्त ठहरिएकाहरुको छानबिन गर्दा तिनको नियत र कुन परिबन्दमा परेर ती मुछिन पुगे, त्यसको न्यायिक प्रतिफल आउनैपर्छ । साथै, अहिलेसम्म देशलाई खोक्रो पार्ने मूल अभियुक्त पहिल्याउन र तिनको संगठनको नगिच पनि पुग्न असमर्थ प्रशासनयन्त्रलाई थप गतिशील बनाउनेतर्फ राज्य केन्द्रित हुन जरुरी छ । साढे ३३ किलो सुन प्रकरणलगायत अनेकौं अन्य प्रकरण तथा तस्करीका काण्डहरू पञ्चायतकालदेखि नै कुनै न्यायिक निष्कर्षमा नपुगी विस्मृतिको अस्ताचलमा सेलाएर गए ।


चार्ल्स शोभराजले भनेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका भन्सार र अध्यागमनहरूबाट हात्ती पनि छिराउँदै लैजान सकिन्छ भन्ने जस्ता कुराहरूलाई हालैको सय केजीभन्दा बढी सुन तस्करीको घटनाले सत्य हुन सक्छ भनी पुष्टि गरेको छ । राज्यसंयन्त्र चलाउने राज्यका शक्तिसम्पन्न निकायहरूको बदनियतपूर्ण अकर्मण्यताका कारण सम्बन्धित अन्तर्राष्ट्रिय निकायहरुको चेतावनीका बाबजुद हाम्रो विमानस्थलबाट अवैध लागू औषधदेखि सुन र मानवको समेत निर्वाध तस्करी कसरी भइरहेको छ, त्यसको अन्त्य गर्न राज्यले केकस्ता उपायहरूको अवलम्बन गरिरहेको छ र यस्तो दुस्साहसी क्रियाकलापमा के सधैं दुई-चार जना भरियासरहका मान्छे पक्रेर अनुसन्धान प्रारम्भ गर्ने र तिनलाई छोडेर अनुसन्धान टुंग्याउने परिपाटीको अन्त्य गर्ने हो भने अनुसन्धानको निकायलाई पनि किन राख्ने/पाल्ने ?

यस्ता संगठित अपराधहरुको जरोसम्म पुग्न नसक्ने अनुसन्धानवालाहरुलाई नेपाली आमजनताका तर्फबाट धिक्कारै छ । उपयुक्त घटनामा संलग्न सम्पूर्ण भन्सार, अध्यागमन र प्रहरीका देशद्रोहीहरुलाई अविलम्ब निलम्बन गरी अदालतको कठघरामा उभ्याउनुपर्छ । पहिलेका सुन तस्करीका सार्वजनिक भइसकेका प्रणेताहरुलाई राज्यले कसरी माफी दिएर तिनलाई सक्रिय राजनीतिमा फर्काउने साजिस गरिराखेको छ ? राज्यमा दण्डहीनता यसरी बढ्नु अदालत धाइरहेका अन्य नेपाल आमाका सन्तानहरूप्रति अपार अन्याय होइन र ?

नेपालको अर्थव्यवस्थालाई तहसनहस पार्ने जत्थाहरूको शक्तिको उपासना गर्दै बस्नेहरूको नाम सञ्चारमाध्यममा कहिल्यै नआउनुको पछि के रहस्य लुकेको छ ? त्यसको रहस्योद्घाटन गर्न सक्ने र तिनको भण्डाफोर गरेर भविष्यमा सुखी जनता, समृद्ध नेपालको परिकल्पनालाई सार्थकता प्रदान गर्न सक्ने नेतृत्वका आदर्श हस्तीहरूलाई नेपाली जनमन र राष्ट्रका युवापुस्ताले सलाम गरिरहनेछन् । के नेपाली जनता सधैं दुःखको आहालमा डुबिरहने ? धिक्कार छ देशको रगत चुस्ने (जुका र उपियाँसरहका) अर्थ-पिशाचहरुलाई !

*(स्रोतः कारोबारदैनिक)*

# यी पाँच उपहार, जो बच्चाको जन्मदिनमा उत्तम हुनसक्छ



✍ सुमित्रा लुईटेल

तपाईंले आफ्नो बच्चाको जन्मदिनमा के उपाहार दिनुभयो ? यो प्रश्नले तपाईंलाई केही क्षण त सोचमग्न बनाउँछ । त्यस्तै छिमेक, आफन्तका छोराछोरीको जन्मदिनमा पनि तपाईंलाई निम्तो आएको हुनसक्छ । त्यहाँ जाँदा के उपहार लगिदिने होला ?

कस्तो उपहार बच्चाको लागि उपयोगी हुन्छ र त्यो उपहार पाएर बच्चा कति खुसी हुन्छ भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण भयो । खासमा उपहार भनेको हौसला हो । प्रेरणा हो । त्यसैले यस्तो उपहार दिऔं, जो बच्चाका लागि रचनात्मक, अर्थपूर्ण र दीगो होस् । यदि केही पृथक उपहार दिन चाहनुहुन्छ भने यी ५ उपाय उपयोगी हुन सक्छ ।

**किताब**: बच्चालाई जन्मदिनमा किताब उपहार दिन सकिन्छ । किताब पनि यस्तो दिनुपर्छ कि, जुन उपयोगी र रोचक होस् । घरमा सजाएर राख्नका लागि भन्दा पनि उनीहरूले त्यसबाट केही सिकेर, बुझेर आफ्नो जीवनमा उपयोग गर्ने किसिमको हुनुपर्छ ।

बालबालिकालाई लक्षित गरेर प्रकाशित गरिएको पुस्तक नै उनीहरुको लागि बढी उपयोगी हुन्छ । त्यस्ता पुस्तकबाट मनोरञ्जनसँगै ज्ञान पनि आर्जन गर्छन् । त्यस्तै कतिपय पुस्तक चाहिँ निकै जीवनोपयोगी हुन्छन् । अहिले उनीहरुले नबुझे पनि पछि पढ्न सक्छन् । त्यसलाई उनीहरूले अहिले संग्रह गरेर राख्न सक्छन् । विश्व चर्चित एवं दुर्लभ पुस्तक पनि उपहारमा दिन सकिन्छ ।

**खुत्रुके**: बच्चालाई बचत गराउने बानीको विकास गराउनु छ भने खुत्रुके पनि उपहारको रुपमा दिन सकिन्छ । खुत्रुके उपहार दिइयो भने उसमा बिस्तारै बचत गर्ने बानीको विकास हुँदै जान्छ । बचत गर्ने बानीसँगै बच्चामा अनुशासनको पनि विकास हुन्छ । बजारमा विभिन्न प्रकारका आकर्षक खुत्रुके उपलब्ध छन् । बच्चाको रुचि अनुसारको रङ्ग र डिजाइनको खुत्रुके उपहार स्वरुप दिन सकिन्छ ।

**बोटबिरुवा**: खास गरी जन्मदिनको उपहारमा बच्चालाई फूल वा अन्य वनस्पतिको बिरुवा पनि उपहारमा दिन सकिन्छ । जब उनीहरुलाई वनस्पति वा फूलको बिरुवा उपहार दिन्छौं, त्यसलाई उनीहरुलाई नै रोप्न दिनुपर्छ । अर्थात् रोप्ने व्यवस्था गरिदिनुपर्छ । यसबाट उनीहरूले पर्यावरणको रक्षा गर्नेदेखि प्रकृतिसँग नजिक हुनुपर्छ भन्ने गुणको विकास हुन्छ ।

उनीहरूले रोपेको बोट बिरुवा जति झाँगिँदै र सप्रिँदै जान्छ, उत्ति नै उनीहरुमा खुसी एवं उमङ्ग पनि बढ्दै जान्छ ।

**दैनिक प्रयोगमा आउने सामान**: बच्चालाई जन्मदिनमा दिने उपहार यस्तो हुनुपर्छ, जसलाई उनीहरुले भरपुर प्रयोग गर्न सकुन् । एक छिनमै रहर पुग्ने वा थन्को लगाउने किसिमको, सजाउने मात्र भन्दा पनि त्यसलाई प्रयोग गर्ने किसिमको हुनुपर्छ । जस्तो, ब्रस, वाटर बोतल, टिफिन,

...बाँकी पृष्ठ ३ मा

# तिम्सिनाको स्मृतिमा नियमित साहित्य सन्ध्या



*स्व. तिम्सिनाप्रति श्रद्धाञ्जली व्यक्त गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः साहित्य संगम मकवानपुरले ३३३ औं नियमित साहित्य सन्ध्याको अवसरमा अप्सरा तिम्सिना लम्साल स्मृति विशेष कार्यक्रम आयोजना गरिएको छ । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा कवि, निबन्धकार निर्मोही व्यासको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

स्वर्गीय तिम्सिनाको तस्वीरमा माल्यार्पण गर्दै स्मृति विशेष साहित्य सन्ध्या आयोजना गरिएको हो । सन्ध्यामा तिम्सिनाको स्मृतिमा रचना समेत वाचन गरिएको छ । प्रमुख अतिथि व्यासले तिम्सिनालाई सम्झनुहुँदै भौतिक शरीर मात्र हामीमाझ नरहेको तर उहाँको कृतिहरु भने जिउँदै रहेको बताउनुभयो ।

कार्यक्रममा साहित्यकारहरु देवराज खरेल, हयग्रीव आचार्य, जनार्द्धन खनाल, सुवास खनाल, यश लामा, निमेष निखिललगायतको उपस्थिति थियो ।

# २ बालबालिकासहित सडक आश्रित ११ जनाको उद्दार

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९, मयुरधामस्थित मानवसेवा आश्रम र हेटौँडा उपमहानगर पालिकाले संयुक्तरुपमा उपमहानगरभित्रका २ बालबालिकासहित सडक आश्रित ११ जनाको उद्दार गरेको छ । शनिबार हेटौँडा बजार क्षेत्रमा संयुक्त अनुगमन गर्दै विभिन्न क्षेत्रबाट २ जना बालबालिका, एक जना महिला र ८ जना पुरुषको उद्दार गरिएको छ ।

नामटार गोब्राङका ४० वर्षीय प्रेमबहादुर ठकुरी, ४ वर्षीय रोशन ब्लोन, धुलाबारी झापाका ४० वर्षीय रितेश मगर (बच्चासहित), बकैया गाउँपालिका हात्तीसुँडेका ५२ वर्षीय कुमार बिकलाई सडकबाट उद्दार गरिएको छ । यस्तै भिमफेदी (तल्लो ज्यामिरे) का ६० वर्षीय आनन्द आले मगर, स्याङ्जा हुमकोटकी ३० वर्षीय सीता ब्लोन, थर र ठेगाना नखुलेका २८ वर्षीय ज्ञानु मानव, ३ वर्षीय प्रशंसा मगरलाई उद्दार गरिएको छ ।

मनहरी-३ हाँडीखोलाका ३९ वर्षीय विनय ब्लोन, राक्सिराङ गाउँपालिका खैराङका ३८ वर्षीय लालबहादुर प्रजा, हेटौँडा-११ थानाभऱ्याङका २५ वर्षीय राजकुमार प्रजा, भरतपुर महानगरपालिका-२, नारायणगढका ३८ वर्षीय खेमराज बराललाई उद्दार गरिएको छ । यसै वर्षको मङ्सिर महिनाभित्र हेटौँडा उपमहानगरलाई बालमैत्री पालिका घोषणा गर्ने तयारीकै क्रममा सडक आश्रित मानवहरुको उद्दार गरिएको हो ।

## यी पाँच उपहार..

जोमेट्रिबक्स, कलर बक्स आदि ।

बच्चालाई खानेकुरा पनि उपहारको रुपमा दिन सकिन्छ । बदाम, काजु, पेस्ता र ओखर जस्ता ड्राइफ्रुट उपहारको रूपमा दिन सकियो । यसमा प्रशस्त मात्रामा पोषक तत्व हुन्छ र यसको सेवनले बच्चाको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्छ ।

**बच्चाको रुची अनुसारको उपहार**ः उपहार खरिद गर्दा मुख्य त बालबालिकाको रुचिलाई ध्यानमा राख्नुपर्छ । उनीहरू के कुरामा रमाउँछन्, कस्तो खेलौना चाहन्छन् ? त्यही अनुसार उपहार खरिद गरिदिनु राम्रो हुन्छ ।

कोही सङ्गीतको रुचि हुने बच्चाको लागि गितार, पियानो, जस्ता बाजाहरु, कोही पढ्न रुचि हुनेहरुको लागि किताबहरु, कोही इलेकट्रोनिक उपकरणमा रुचि राख्नेका लागि ग्याजेटहरु र कोही खेलमा रुचि हुने बच्चाको लागि खेलसँग सम्बन्धित उपहार फुटबल, ब्याट दिन सकिन्छ ।

(स्रोतः अनलाईनखबर)

# हार्दिक श्रद्धाञ्जली



जन्मः
१९९०/१०/१३

स्वर्गारोहणः
२०८०/०४/२

**स्व. विष्णुकुमारी बानियाँ**

हाम्री ममतामयी आमा **विष्णुकुमारी बानियाँ**को ९० वर्षको उमेरमा मिति २०८० साल साउन २ गतेका दिन बिहान ५:३० बजेको समयमा स्वर्गारोहणले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा आमाप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दै **आज १३ औं पूण्यतिथि**मा स्वर्गीय आमाप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोरी / ज्वाइँ
**सरिता बानियाँ**
**शान्ता बानियाँ पोखेल**
**अनिता बानियाँ/श्याम बस्नेत**

छोरा / बुहारी
**अजित बानियाँ/शोभा आचार्य**
**अनिल कुमार बानियाँ/सीता विष्ट**

नाती / नातिना
**आस्था बानियाँ**
**आस्मा बानियाँ/नवीन केसी**
**आकृति बानियाँ**
**आरम्भ बानियाँ**
**प्रभा पोखेल**
**प्रकाश पोखेल**
**श्रेया बस्नेत**
**आश्रया बस्नेत**

## बानियाँ परिवार

**हेटौँडा-५, भैरवरोड**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**स्वादिष्ट नेवारी खाजा**




अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

# आयोजक टिमलाई समाज कल्याण कपको उपाधि

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगिताको उपाधि आयोजक समाज कल्याण 'ए'ले जितेको छ । शनिबार हेटौंडा-१४, मयूरधाप कालापानी मैदानमा भएको फाइनल खेलमा आयोजक समाज कल्याण 'ए'ले सगरमाथा युथ क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो ।

समाज कल्याण 'ए'को तर्फबाट माइसन वाइबाले पहिलो हाफको १६ औं मिनेटमा र सगरमाथाको तर्फबाट पहिलो हाफको १२ मिनेटमा युवराज तामाङले गोल गरेका थिए । आयोजक टिमले दोस्रो आत्माघाति गोल प्राप्त गरेका थिए । खेलको म्यान अफ द म्याच आयोजक समाज कल्याण 'ए'बाट माइसन वाइबा घोषित भए ।

प्रतियोगितामा वियजी आयोजक टिमले ३० हजार रुपैयाँ र उप-विजयी सगरमाथाका टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । १६ टिमको सहभागिता रहेको प्रतियोगितामा करिब २ लाख रुपैयाँ खर्च भएको खेल आयोजक तथा हेटौंडा उपमहानगपालिका वडा नम्बर १४ का बाल सञ्जाल अध्यक्ष सस्मीत ढकालले जानकारी दिनुभयो ।

# स्थापना दिवसमा सहयोग

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडको १४ औं स्थापना दिवसको अवसरमा हेटौँडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतनमा सहयोग गरिएको छ ।

दिव्यसेवा निकेतनमा आश्रित २८ जना ज्येष्ठ नागरिकलाई कपडा तथा फलफुल वितरण गरिएको सहकारीका व्यवस्थापक राजकुमार चौलागाईले जानकारी दिनुभएको छ । दिव्यसेवा निकेतनका अध्यक्ष यादवप्रसाद गजुरेलको सभाध्यक्षता तथा जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्थाका अध्यक्ष बसन्तराज गौतमको विशेष आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा संचालक समितिका सदस्यहरु, लेखा समिति अन्य उपसमितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

# साहित्यिक अनलाइनको सुरुवात

समाज संवाददाता

हेटौँडाः साहित्यिक क्रियाकलापलाई मात्रै समावेश गर्ने उद्देश्यले नवसाहित्य डटकम सञ्चालनमा आएको छ । शनिबार एक समारोहका बीच लेखक खगेन्द्र संग्रौला र युग पाठकले संयुक्तरुपमा साहित्यिक अनलाइनको सुरुवात गर्नुभयो । नेपाली भाषा साहित्य विषयका उपप्राध्यापक निमेष निखिलको सम्पादनमा नवसाहित्य डटकम सञ्चालनमा आएको हो ।

शनिबार साहित्य संगम/सिस्नुपानी मकवानपुरको सभाकक्षमा आयोजना गरिएको उद्घाटन कार्यक्रममा सहभागीले मकवानपुरको साहित्यलाई विश्वव्यापीकरण गर्न अनलाइन माध्यम उपयोगी हुने विश्वास व्यक्त गरेका छन् । सहभागीले विशिष्ट कामको सुरुवातसँगै यसको नियमितताका लागि चुनौति रहेको बताएका छन् । कार्यक्रममा जिल्लामा क्रियाशील साहित्यिक संघ, संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।


सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौ र सुनाऔ





## हार्दिक श्रद्धाञ्जली



जन्मः
१९९४ साल भाद्र कृष्णाष्टमी

स्व. स्व. न्हुच्छेराज बज्राचार्य

स्वर्गारोहणः
२०८०/०४/०२

धार्मिक एवम् सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनुभएका हेटौंडा-१ स्थित प्रज्ञा महाविहारका संस्थापक हेटौंडा-२ निवासी मेरा आदरणीय सम्धी **न्हुच्छेराज बज्राचार्य** ज्यूको निधनको खबरले हामी मर्माहत भएका छौं । **आज सातौं पूण्यतिथि**मा स्वर्गीय सम्धी ज्यूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहनुभएका परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सम्धिनी**
पौष माया बज्राचार्य

**छोरी/ज्वाई**
रजनी बज्राचार्य/लालकाजी रत्न बज्राचार्य
रिना बज्राचार्य/राजुरत्न बज्राचार्य

**नाती/नातिना**
स्वर्णिम बज्राचार्य/लकिशा बज्राचार्य/
स्वोतिका बज्राचार्य/निग्रोध बज्राचार्य

## बज्राचार्य परिवार

हेटौंडा-१०, टिसिएनरोड

## हार्दिक श्रद्धाञ्जली



जन्मः
१९९४ साल भाद्र कृष्णाष्टमी

स्व. न्हुच्छेराज बज्राचार्य

स्वर्गारोहणः
२०८०/०४/०२

धार्मिक एवम् सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनुभएका तत्कालिन नेपाल सुनचाँदी व्यवसायी संघ मकवानपुरका संस्थापक सदस्य हेटौँडा-२ निवासी आदरणीय न्हुच्छेराज बज्राचार्य ज्यूको निधनको खबरले हामी मर्माहत भएका छौं । आज सातौं पूण्यतिथिमा स्वर्गीय न्हुच्छेराज बज्राचार्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहनुभएका परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**पवन कुमार शाक्य, अध्यक्ष**
**एवम् मकवानपुर सुनचाँदी व्यवसायी संघ परिवार**
**हेटौंडा, मकवानपुर**

## हार्दिक आमन्त्रण



जन्मः
१९९०/१०/१३

स्व. विष्णुकुमारी बानियाँ

स्वर्गारोहणः
२०८०/०४/२

हाम्री ममतामयी आमा **विष्णुकुमारी बानियाँ**को ९० वर्षको उमेरमा मिति २०८० साल साउन २ गतेका दिन बिहान ५:३० बजेको समयमा स्वर्गारोहणले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा आमाप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दै **१३ औं पूण्यतिथि**मा तपसील बमोजिम पीतृप्रसाद ग्रहणका लागि आमन्त्रण गर्दछौं ।

**तपसील**
मितिः २०८० साल साउन १४ गते आइतबार
समयः दिनको २ बजेपछि
स्थानः हेटौँडा-५, भैरवरोडस्थित बानियाँ निवास

**भवदीय**
छोराहरु अजित बानियाँ/अनिल कुमार बानियाँ


Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्त्रगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प्**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौँडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435





## श्री बागेश्वरी माध्यमिक विद्यालय

थाहा नगरपालिका-१
टिष्टुङ्ग, मकवानपुर

## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/०४/१४ गते*

पस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह राहत दरबन्दीको विज्ञान र गणित विषयको १/१ जना शिक्षक पदपूर्ति थाहा नगरपालिका शिक्षा शाखा कार्यालय ईन्द्रायणी चौर मकवानपुरको मिति २०८०।०४।१२ को च.न. १४० र १४१ को शिक्षक पदपूर्ति अनुमतिपत्र र मिति २०८०/०४/१२ गते बसेको वि.व्य.स निर्णय अनुसार करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त दिन आह्वान गरिन्छ ।

**तपसिल**
**विज्ञापन नं.: १/२०८०/०८१**
तहः नि.मा.वि. राहत करार ।
विषयः विज्ञान र गणित ।
पद संख्याः १-१ जना ।
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित मूल विषय लिई प्रविणता प्रमाण तह उत्तीर्ण वा सो सरह ।
तलब स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार ।
दरखास्त शुल्कः रु. १,५००/- (एक हजार पाँच सय रुपैयाँ) नेपाल बैंक लिमिटेड हेटौंडा शाखाको चल्ती खाता नः ०२५००१००४४१५४२००००१ मा जम्मा गरेको सक्कल भौचर ।
परीक्षाको किसिमः लिखित र अन्तरर्वाता ।
बरखास्त दिने अन्तिम मितिः २०८०/०४/२६ गते विद्यालय समय भित्र ।
सम्पर्क मितिः २०८०/०४/२८ गते ।
परीक्षा हुने मिति र स्थानः सम्पर्क मितिको दिन तोकिनेछ ।
दरखास्तः सम्बन्धित विद्यालय र थाहा नगरपालिका शिक्षा शाखामा वा विद्यालयको ईमेल मार्फत पनि दर्ता गर्ने सकिनेछ ।

**आवश्यक कागजातहरु :**
(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ थान ।
(ख) शैक्षिक योग्यता प्रमाण पत्रहरुको प्रतिलिपि ३ २ थान ।
(ग) नि.मा.वि तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान ।
**पूनश्च**: शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्म्द्वारहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) भित्र दरखास्त दिनुपर्नेछ । यदि करार सूचीको नआएमा खुल्ला विज्ञापनको प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।
विद्यालयको ईमेल ठेगाना bageshworiscl@gmail.com
थप जानकारीका लागि सम्पर्क नः ९८५५०७१५२४, ९८४१६७९५२४, ९८४५७८२३०३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ